## शहरी विकास मन्त्रालय

### १. पृष्ठभूमिः

शहर तथा शहर उन्मुख वस्तीहरूको योजनावद्ध शहरी पूर्वाधार विकास, आवास व्यवस्था, सरकारी भवन निर्माणसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने तथा तत्सम्बन्धी विकासका क्रियाकलापहरूमा तिव्रता ल्याउन एक छुट्टै नेतृत्वदायी निकायको आवश्यकता महशुस भई २०६९ जेष्ठ ५ गते यस मन्त्रालयको गठन भएको हो। रणनैतिक सडक बाहेकका शहरी सडकको निर्माण तथा सम्भारको जिम्मा पनि यस मन्त्रालयले पाएको छ। शहरी विकास मन्त्रालयका तीन महाशाखाहरूले मन्त्रालय अन्तर्गतका नीतिगत कार्य गर्नुका साथै मन्त्रालय अन्तर्गतका निकायहरूबाट भइरहेका निर्माण कार्य तथा सेवा प्रवाह कार्यको अनुगमन तथा मूल्याङ्कन गर्दछ ।

### २. दीर्घकालीन सोच :

- पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा बस्तीहरू निर्माण गर्ने,
- सुरक्षित, किफायती, वातावरणमैत्री भवन र वास्तुकला निर्माण गर्ने ।

### ३. उद्देश्यः

- व्यवस्थित, सफा, सुविधायुक्त, पूर्वाधार सेवा सहितको सुन्दर सहर तथा बस्तीहरूको विकास गर्ने,
- सबै आय वर्गका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने,
- सुरक्षित, सुविधायुक्त र आकर्षक भवनहरू निर्माण, स्तरोन्नती तथा सुधार गर्ने ।

### ४. रणनीतिः

- शहरीकरणलाई व्यवस्थापन गर्न स्वीकृत भू-उपयोग नीतिमा आधारित एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने,
- आवास विकासमा सार्वजनिक-नीजि साझेदारीको माध्यम द्वारा नीजि क्षेत्रलाई प्रोत्साहन गर्दै आवश्यक स्रोत पहिचान तथा परिचालनमा सहजीकरण गर्ने,
- भौगोलिक रूपमा विकट, सेवा सुविधा पुऱ्याउन कठिन, अपायक तथा विपदको उच्च जोखिमयुक्त स्थानमा रहेका घरपरिवारहरूलाई एकीकृत वस्ती विकास गरी स्थानान्तरण गर्ने तथा नजिकको एकीकृत वस्तीमा स्थानान्तरण हुन प्रोत्साहन गर्ने ।
- वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने,
- काठमाडौं उपत्यकाको शहरीकरणलाई व्यवस्थित गर्न जग्गा विकास, नयाँ वस्ती विकास, शहरी पुनः स्थापन कार्यक्रम, खुल्लाक्षेत्र व्यवस्थापन र सफा शहरको अवधारणालाई कार्यान्वयन गर्दै लैजाने ।

**५. कार्यक्षेत्र:**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- शहरी विकाससम्बन्धी नीति, कानुन, मापदण्ड,
- बस्ती विकास, शहरी विकास र आवास विकाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रिय भवन संहितासम्बन्धी नीति, कानुन, मापदण्ड,
- संघीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन,
- राष्ट्रिय शहरी पूर्वाधार विकास, संघीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार,
- विशिष्ट शहरी संरचना,
- राष्ट्रियस्तरका संयुक्त र बहुतल्ले आवाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास व्यवस्थापन नीति, कानुन र मापदण्ड,
- नगर विकास कोष,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थासँग सन्धी सम्झौता सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहको सञ्चालन ।

**६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लेखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरण:**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९८ | सघन शहरीकरण भइरहेका विराटनगर-इटहरी, काठमाण्डौ उपत्यका, बीरगञ्ज-जीतपुर सिमरा, पोखरा उपत्यका, वुटवल-सिद्धार्थनगर, नेपालगञ्ज-कोहलपुर तथा धनगढी-अत्तरिया क्षेत्रमा मेगासिटी विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ । केही शहरहरुलाई स्मार्ट सिटीको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरि पुर्बाधार निर्माण शुरु गरिनेछ ।ऐतिहासिक तथा सांस्कृतिक महत्वका शहरहरुको पुनरुत्थान गर्न कार्यक्रम सञ्चालन गरिनेछ। | • विराटनगर - दुहवी – इनरवा- इटहरी – धरान – दमक र वुटवल – भैरहवा – लुम्विनी – कपिल्वस्तु कोरोडोरहरुको संभाव्यता अध्ययन सम्पन्न गरी DPR तयारीका लागि परामर्श सेवा लिन TOR तयार गरी सहमतीका लागि ADB पठाइएको ।<br>• बीरगञ्ज जीतपुर सिमरा पथलैया हेटौडा कोरिडोर सम्भाव्यता अध्ययनको Draft Final Report प्राप्त ।<br>• भरतपुर Smart City गुरुयोजना अध्ययनको Draft Final Report प्राप्त र १२ वटा नगरपालिका धनकुटा, निजगढ, मिर्चैया, चंद्रपुर, काभ्रे उपत्यका, पालुंगटार, वालिंग, लुम्बिनी, तुलसीपुर, दुल्लु, अमरगढी, टिकापुर Smart City गुरुयोजना अध्ययनको Final Report को प्रस्तुतीकरण भएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९९ | शहरहरुको पुर्बाधार निर्माणमा स्थानीय तहसंग साझेदारी गरिनेछ ।आगामी वर्ष मुलुक भरका १८५ नगरपालिकाहरुमा व्यवस्थित शहर विकास गर्न एकीकृत शहरी पुर्बाधार विकास गुरुयोजना तयार गरिनेछ ।हाल सञ्चालित सघन शहरी विकास कार्यक्रम सम्बन्धित नगरपालिकाको लागत सहभागितामा अगाडि बढाइनेछ । | • १८५ वटा न.पा को (१ देखि १२ प्याकेज ) एकीकृत शहरी विकास योजना तयार गर्ने कार्यको अन्तिम प्रतिवेदनको Final Presentation सम्पन्न भई अन्तिम प्रतिवेदन प्राप्त हुने क्रममा ।<br>• ५० नगरपालिकाहरुमा एकीकृत शहरी विकास योजना तयार गर्ने कार्यको EOI evaluation को क्रममा रहेको ।(बजेटको सुनिश्चितता प्राप्त नभएकोले बहुपर्षिय खरिद गुरु योजना स्वीकृत गर्न नसकिएकोले रद्द गर्ने प्रकृयामा रहेको)<br>• शघन शहरी विकास कार्यक्रम अन्तरगत तराइ-मधेशका विभिन्न २१ वटा नगरपालिकाहरुमा सडक निर्माण कार्य अन्तरगत सबबेस कोर्स ७० कि.मि., बेस कोर्स १०५ कि.मि. र कालोपत्रे सडक निर्माण कार्य ६० कि.मि. सम्पन्न भएको छ । त्यस्तै नाला निर्माण १४० कि.मि. सम्पन्न भएको छ भने ६ वटा बसपार्क, ५ वटा हाटबजारको निर्माण कार्य र २ वटा ताल पोखरी संरक्षणको कार्य भइरहेको छ ।<br>• काठमाडौं उपत्यकाका १८ वटै नगरपालिकाहरुको फोहोर मैला व्यवस्थापन गर्न नुवाकोट जिल्लाको वन्चरेडाडामा फोहोर मैला व्यवस्थापनको पहिलो चरणको निर्माण कार्य सम्पन्न भइरहेको छ भने दोस्रो चरणको निर्माणका लागि खरिद प्रकृया अघि बढाइएको छ । |
| २०० | रुकुम पूर्व र नवलपरासी पूर्व जिल्ला सदरमुकामको भौतिक विकास गुरुयोजना तर्जुमा गरी नमूना सदरमुकामको रुपमा विकास गर्ने । हुलाकी र मध्यपहाडी लोकमार्गको आसपासमा सम्भाव्यताको आधारमा २७ स्थानमा नयाँ शहरहरुको | • नयाँ शहर आयोजना तर्फ खुर्कोट, चौरजहारी, डुम्रेभन्सार-, पाटन, फिदिम, बसन्तपुर, बुर्तिबाङ्ग, वैरेनीगल्छी, राकम कर्णाली र साँफेबगरमा ३० कि .मी.. सडक निर्माण कार्य सम्पन्न भएको छ । फिदिम बस पार्क निर्माण कार्यको ११%, चौरजहारी बसपार्कको १६% |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पूर्वाधार विकास गर्ने । उपत्यकाभित्रको प्राकृतिक श्रोत, नदी कोरिडोर, सडक, यातायात, फोहरमैला, ढल, साँस्कृतिक सम्पदा र धरोहरहरुको एकीकृत विकास र व्यवस्थापन गर्न बृहत्तर गुरुयोजना तयार गरिनेछ । | निर्माण कार्य सम्पन्न भएको छ भने मौलापुर बसपार्कको निर्माण कार्य सम्पन्न भएको छ । प्युठानको भिंग्री नयाँ सहरमा डिपिआर अनुसार मालुङफाँटमा चिल्ड्रेन पार्क निर्माण गर्ने कार्य-१४ % निर्माण कार्य सम्पन्न भएको छ<br>• हुलाकी लोकमार्ग तथा तराई मधेशका १५ नयाँ शहरहरुको IUDP को final report प्राप्त।<br>• Trans himalayan trail का ५ स्थानको (लुक्ला, स्याफ्रुवेसी, जोमसोम, सिमिकोट र मार्तडी) morphological & retainment plan को Draft final report प्राप्त ।<br>• काठमाडौं उपत्यकालाइ योजनाबद्ध तथा व्यवस्थित विकास गर्न बृहत्तर गुरुयोजना (भौतिक विकास) तयार गर्ने योजना रहेको । ४ वटा नयाँ नगर निर्माणको DPR तयार भएको । |
| २०१ | नागरिकहरुको मौलिक हकको रुपमा रहेको उपयुक्त आवासको हक सुनिश्चित गर्न जनता आवास, सुरक्षित आवास, वस्ती स्थानान्तरण लगायतका कार्यक्रम अगाडि बढाइनेछ । जनता आवास कार्यक्रम अन्तर्गत ३० हजार घर निर्माण गरिने । | • आ.व. २०७५/७६ सम्ममा जनता आवास कार्यक्रम अन्तर्गत विपन्न, लोपोन्मुख तथा सीमान्तकृत वर्गको लागि १७ हजार ३९ आवास एकाई निर्माण भएको छ भने करिव ३९ हजार आवास निर्माणका लागि चालु आ.व. २०७६/७७ मा प्रदेश सरकारहरुलाई शसर्त अनुदान उपलब्ध गराइएको छ । |
| २०२ | अति विपन्न, लोपोन्मुख र सीमान्तीकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत काठ र जस्तापातामा अनुदान दिई आगामी वर्ष करीब २०००० भवनको खर र फुसको छाना फेरिने । | • सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत ९४४२ लाभग्राही छनौट भएका छन् । छनौट भएकामध्ये फाल्गुण मसान्त सम्म ६९१० लाभग्राहीसंग अनुदान सम्झौता भएकोमा ८०५ आवास इकाईको निर्माण कार्य सम्पन्न भइ रु. १२ करोड ९० लाख |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | ६० हजार खर्च भएको छ । |
| २०३ | आगामी २ वर्ष भित्र जोखिमयुक्त वस्तीमा रहेका सबै परिवारलाई जोखिम रहित स्थानमा सुरक्षित आवासको व्यवस्था मिलाउन प्रदेश र स्थानीय तहको लागत सहभागितामा नजिकको सुरक्षित स्थानको वस्तीमा एकीकृत वस्तीमा सार्ने। बाढी, पहिरोमा परि घरबार गुमाएका र जनधनको क्षति भएका सुर्खेत, बर्दिया, दाङ्ग लगायत तराई-मधेश तथा पहाडी जिल्लाहरुमा घर पुनर्निर्माण कार्य अगाडि बढाउने । | • बाढी पहिरोका कारण बिस्थापित परिवारलाई स्थानान्तरण गर्न डडेलधुरामा जग्गा प्राप्ती कार्य भई सकेको र पूर्वाधार निर्माण (सडक, ढल)को केहि कार्य भई रहेको, सर्लाहीमा डिजाईन तथा लागत अनुमान तयार गर्ने कार्य भई रहेको, मुगुमा विस्थापित परिवारहरुको घर निर्माणको लागि लाभग्री सर्वेक्षणको कार्य भई रहेको । |
| २०४ | सहकारी र आवासको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकाय, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सार्वजनिक निजी साझेदारीमा न्यून मूल्य लागतका आवास कार्यक्रम सञ्चालन गरिनेछ । | **बजेट विनियोजन नभएकोले सरोकारवाला पहिचानको क्रममा** |
| २०५ | काठमाण्डौ उपत्यका भित्र संघीय संसद, राजकीय अतिथि गृह, मन्त्री निवास, प्रदेश प्रमुख र मुख्य मन्त्रीको सम्पर्क कार्यालय एवं आवास निर्माण गरिनेछ । काठमाण्डौ उपत्यकामा यसै वर्ष ३००० व्यक्ति क्षमताको सम्मेलन केन्द्र निर्माण गरिनेछ ।आगामी ३ वर्ष भित्र सार्वजनिक निजी साझेदारीमा ५००० व्यक्ति क्षमताको बहुउद्देश्यीय सम्मेलन केन्द्र निर्माण गरिनेछ । सबै प्रदेशमा २००० व्यक्ति क्षमताका सम्मेलन केन्द्र निर्माण गर्ने क्रममा धनगढी, सुर्खेत र विराटनगरमा निर्माणाधीन सभाहलका लागि बजेट व्यवस्था गरेको छु । जनपुर, हेटौडा र पोखरामा सभाहल निर्माणका लागि विस्तृत | • संघीय संसदको कार्य शुरु भएको, parking block, Securtiy block central Lobby, Committee block footing को कार्य भईरहेको । करिब ५% कार्य सम्पन्न ।<br>• राजकीय अतिथिगृहको डिजाइन भइरहेको<br>• मन्त्री निवासको जगको concrete footing कार्य भईरहेको । करिब १५ % कार्य सम्पन्न ।<br>• प्रदेश प्रमुख र मुख्यमन्त्री सम्पर्क कार्यालय र आवासको जगको concrete footing कार्य भईरहेको । करिब १५ % कार्य सम्पन्न<br>• गोदावरीमा ३००० व्यक्ति क्षमता सभाहलको तेस्रो तल्लाको कार्य भइरहेको करिव ५५% भौतिक प्रगति ।<br>• थिमीमा ५००० क्षमता सभाहलको Architectural Design सम्पन्न भएको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सम्भाव्यता अध्ययन गर्न र वुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको निर्माण गर्ने। | Structural Design कार्य भैरहेको र EIA भैरहेको<br>• वुटवलमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको दोश्रो फेजको समेतको कार्य शुरु भएको, १०% कार्य सम्पन्न) Block B & C को स्ट्रक्चर कार्य सम्पन्न भई फिनिसिंग हुँदै , Block A को Structure कार्य सम्पन्न, छाना छाउने काम तथा फिनिसिंग हुँदै।<br>• दमक भ्यु टावर १५% कार्य सम्पन्न । |
| २०६ | सबै प्रदेशका राजधानीमा व्यवस्थित पूर्वाधर विकास गर्न प्रादेशिक संरचनाहरुको गुरुयोजना तर्जुमा गरी सम्बन्धित प्रदेशको लागत सहभागितामा आगामी ३ वर्ष भित्र निर्माण कार्य सम्पन्न गरिनेछ ।सरकार, नगर विकास कोष र निजी क्षेत्र समेतको लागत सहभागिताको आधारमा विभिन्न स्थानीय तहहरुमा सभाहल निर्माण गर्ने । | • स्थायी राजधानी एकिन भइसकेको वागमती, गण्डकी, कर्णाली र सूदूरपश्चिम प्रदेश राजधानिहरुको गुरूयोजना तयार गर्न दुई प्याकेज बनाई कार्यक्रम संशोधन तथा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालय पठाइएको ।<br>• विभिन्न जिल्लामा २६ वटा सभाहल निर्माणाधीन रहेका । |
| २०७ | काठमाण्डौ उपत्यकालाई धुलोमुक्त बनाउन पैदल मार्गलाई व्यवस्थित गरिने, निर्माण सामग्रीको ढुवानी गर्दा सुरक्षित विधि अपनाइने र विद्युत सवारी साधनलाई प्रोत्साहन गरिनेछ ।काठमाण्डौ उपत्यका भित्र सडक निर्माण गर्दा अनिवार्य रुपमा फुटपाथ निर्माण गर्ने व्यवस्था मिलाइनेछ । | • बागमती नदी सफाई अभियानलाई निरन्तरता दिँदै काठमाण्डौ उपत्यकाको सभ्यताको रुपमा रहेको बागमती, विष्णुमती, रुद्रमती, इच्छुमती, मनोहरा, हनुमन्ते र नख्खुखोला लगायतका नदीहरु ढल र प्रदुषणमुक्त बनाउन ६३.९१ कि.मी. ढल निर्माण, १५.८५ कि.मी. सडक निर्माण गरि स्वच्छ वातावरण प्रबर्द्धन र सौन्दर्यीकरणको कार्य भइरहेको छ। |
| २०८ | सरकारी जग्गाहरुको संरक्षण गरी खुल्ला क्षेत्र विकास तथा पार्क निर्माण गरिनेछ ।ठूला शहरहरुमा बिजुली, टेलिफोन तथा टेलिभिजन केबुलको तार भुमिगत व्यवस्थापन गरिनेछ । निजी क्षेत्रसंगको सहकार्यमा उपत्यका लगायतका अन्य शहरी क्षेत्रमा वातावरण संरक्षण, हरियाली प्रबर्द्धन तथा शहरी सौन्दर्य कायम गर्न | • काठमाण्डौ उपत्यका विकास प्राधिकरणबाट १६ वटा पार्क निर्माण र सार्वजनिक जग्गा संरक्षणको कार्य ४०% कार्य सम्पन्न भएको ।<br>• वागमती नदीमा सुख्खायाममा समेत न्यूनतम् वहाव कायम राख्ने उद्देश्यले निर्माण शुरु गरिएको धाप ड्याम निर्माणको कार्य ३५% सम्पन्न भएको छ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्वच्छ शहर अभियान सञ्चालन गरिनेछ । | |
| २०९ | नगर विकाष कोषलाई नेपाल शहरी पूर्बाधार विकास निगममा परिणत गरी नगर स्तरीय पूर्बाधार आयोजनाहरु निगमको वित्तीय लगानी र स्थानीय तहको साझेदारीमा सञ्चालन गरिनेछ ।भूकम्प लगायत प्राकृतिक प्रकोप प्रतिरोधी भवन निर्माण गर्न भवन संहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ । | • शहरी पूर्वाधार विकास निगम ऐन मस्यौदा तर्जुमा उपसमितिबाट ऐनको मस्यौदा तयार भै शहरी विकास मन्त्रालयबाट अर्थ मन्त्रालयमा सहमतिका लागि पठाइएकोमा अर्थ मन्त्रालयबाट थप राय माग भए अनुसार थप राय अर्थ मन्त्रालयमा पठाइएको<br>• राष्ट्रिय भवन संहिताको NBC१०५ परिमार्जन सम्पन्न गरी स्वीकृतिका लागि मन्त्रिपरिषदमा पेश गर्ने क्रममा रहेको |

## ७. आर्थिक वर्ष २०७६/७७ को २०७६ फागुन मसान्त सम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### क. शहरी विकास

- व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि भन्ने दिर्घकालीन सोच र सर्वसुलभ, समृद्ध, दिगो र सुन्दर शहरको विकास गर्ने लक्ष्य सहित शहरी विकास तर्फ शघन शहरी विकास कार्यक्रम, नयाँ शहर आयोजना, स्मार्ट शहर, एक शहर एक पहिचान, वागमती सुधार आयोजना, धोवीखोला सुधार आयोजना, क्षेत्रीय शहरी विकास आयोजना जस्ता कार्यक्रमहरु संचालन भइरहेका छन् । मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना अन्तरगत विराटनगर र विरगंजमा १२१ कि.मि. सतह नाली, ५१ कि.मि. ढल र ५२ कि.मि. सडक सुधार/निर्माण कार्य सम्पन्न भएको छ । सोही आयोजना मार्फत काभ्रे उपत्यकाका ३ वटा नगरपालिकामा संचालित करिव रु १ अर्व लागतको एकीकृत खानेपानी आयोजना यसै आ.व. भित्र सम्पन्न हुने छ भने आगामी २० वर्ष अवधीलाई धान्न सक्ने गरी वीरगंजमा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण सम्पन्न गरिएको छ ।
- एकीकृत शहरी विकास आयोजना अन्तरगत सिदार्थनगर, नेपालगंज र जनकपुरमा १३५ कि.मि. सतह नाली र ३० कि.मि. सडक सुधार/निर्माण कार्य सम्पन्न भएको छ । सोही आयोजना मार्फत धरान उपमहानगरपालिकामा ४५० कि.मि. पाइपलाइन विस्तार सहित खानेपानी आयोजना सम्पन्न भएको छ भने आगामी २० वर्ष अवधीलाई धान्न सक्ने गरी नेपालगंज उपमहानगरपालिकामा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण सम्पन्न भई संचालनमा आइसकेको छ ।क्षेत्रीय शहरी विकास आयोजना अन्तरगत नगरपालिकाहरु:विराटगनगर, विरगंज, सिदार्थनगर र नेपालगंज न.पा. मा १४४ कि.मि. सतह नाली, १८ कि.मि. ढल र ११० कि.मि. सडक सुधार/निर्माण कार्य सम्पन्न भएको छ।

- धोवीखोला सुधार आयोजनाको २४ कि.मि. मध्ये १५ कि.मि. सडक निर्माण कार्य सम्पन्न भएको छ भने काठमाण्डौ उपत्यकाका भित्र ३० कि.मि. बाटो विस्तार कार्य सम्पन्न गरिएको छ। काठमाण्डौको वुढानिलकण्ठ स्थित जगन्नाथ मन्दिर परिषर सहित विभिन्न १० स्थानमा पार्क निर्माण सहित सार्वजनिक संरक्षणको कार्य यसै आ.व. भित्र सम्पन्न हुनेछ । काठमाडौं उपत्यकाको चार स्थानमा नयाँ शहर निर्माणका लागि DPR तयार भएको छ ।

- शघन शहरी विकास कार्यक्रम अन्तरगत तराइ-मधेशका विभिन्न २१ वटा नगरपालिकाहरुमा सडक निर्माण कार्य अन्तरगत सबबेस कोर्स ७० कि.मि., बेस कोर्स १०५ कि.मि. र कालोपत्रे सडक निर्माण कार्य ६० कि.मि. सम्पन्न भएको छ । त्यस्तै नाला निर्माण १४० कि.मि. सम्पन्न भएको छ भने ६ वटा बसपार्क, ५ वटा हाटबजारको निर्माण कार्य र २ वटा ताल पोखरी संरक्षणको कार्य भइरहेको छ ।

- बागमती नदी सफाई अभियानलाई निरन्तरता दिँदै काठमाण्डौ उपत्यकाको सभ्यताको रुपमा रहेको बागमती, विष्णुमती, रुद्रमती, इच्छुमती, मनोहरा, हनुमन्ते र नख्खुखोला लगायतका नदीहरु ढल र प्रदुषणमुक्त बनाउन ६३.९१ कि.मी. ढल निर्माण, १५.८५ कि.मी. सडक निर्माण गरि स्वच्छ वातावरण प्रबर्द्धन र सौन्दर्यीकरणको कार्य भइरहेको छ। वागमती नदीमा सुख्खायाममा समेत न्यूनतम् वहाव कायम राख्ने उद्देश्यले निर्माण शुरु गरिएको धाप ड्याम निर्माणको कार्य ३५% सम्पन्न भएको छ।

- काठमाडौं उपत्यकाका १८ वटै नगरपालिकाहरुको फोहोर मैला व्यवस्थापन गर्न नुवाकोट जिल्लाको वन्चरेडाडामा फोहोर मैला व्यवस्थापनको पहिलो चरणको निर्माण कार्य सम्पन्न भइरहेको छ भने दोस्रो चरणको निर्माणका लागि खरिद प्रकृया अघि बढाइएको छ ।

- Trans Himalaya Trail का ५ नयाँ शहरहरुको (लुक्ला, स्याफ्रुवेसी, जोमसोम, सिमिकोट र मार्तडी) संभाव्यता अध्ययन गर्ने कार्यको Morphological & Retainment Plan को Field Report प्राप्त भएको छ ।
- नयाँ शहर आयोजना तर्फ खुर्कोट, चौरजहारी, डुम्रेभन्सार-, पाटन, फिदिम, बसन्तपुर, बुर्तिबाङ्ग, वैरेनीगल्छी, राकम कर्णाली र साँफेबगरमा ३० कि .मी.. सडक निर्माण कार्य सम्पन्न भएको छ । फिदिम बस पार्क निर्माण कार्यको ११%, चौरजहारी बसपार्कको १६% निर्माण कार्य सम्पन्न भएको छ भने मौलापुर बसपार्कको निर्माण कार्य सम्पन्न भएको छ । प्युठानको भिंग्री नयाँ सहरमा डिपिआर अनुसार मालुङफाँटमा चिल्ड्रेन पार्क निर्माण गर्ने कार्य-१४ % निर्माण कार्य सम्पन्न भएको छ ।

## ख. आवास

- संविधान प्रदत आवासको मौलिकहक कार्यान्वयनका लागि  वि. सं. २०८० सम्ममा करिब २० लाख आवास एकाई निर्माण गर्नुपर्ने देखिएको छ । २० लाख मध्ये करिब ४ लाख आवास एकाई विपन्न, लोपोन्मुख तथा सीमान्तकृत वर्गको लागि आवश्यक देखिन्छ ।उक्त आवास पूर्तिका लागि आ.व. २०७५/७६ सम्ममा जनता आवास कार्यक्रम अन्तर्गत विपन्न, लोपोन्मुख तथा सीमान्तकृत वर्गको लागि १७ हजार ३९ आवास एकाई निर्माण भएको छ भने करिव ३९ हजार आवास निर्माणका लागि चालु आ.व. २०७६/७७ मा प्रदेश सरकारहरुलाई शसर्त अनुदान उपलब्ध गराइएको छ । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत ९४४२ लाभग्राही छनौट भएका छन् । छनौट भएकामध्ये फाल्गुण मसान्त सम्म ६९१० लाभग्राहीसंग अनुदान सम्झौता भएकोमा ८०५ आवास इकाईको निर्माण कार्य सम्पन्न भइ रु. १२ करोड ९० लाख ६० हजार खर्च भएको छ ।

## ग. भवन निर्माण

- वि.सं. २०७२ वैशाखको विनाशकारी भूकम्प र यसले पुऱ्याएको क्षतिलाई समेत मध्यनजर गरी राष्ट्रिय भवन संहितालाई देशैभर लागु गरिएको छ भने भवन संहिताका २३ वटा भाग मध्ये ५ भागहरु समय सापेक्ष परिमार्जन गरिएको छ।
- संघीय संसद भवनको निर्माण कार्यको Parking block, Securtiy block  Central Lobby Committee block  Upper House footing  कार्य  भईरहेको छ।राजकीय अतिथी गृह निर्माण कार्यको डिजाईन कार्य भइरहेको छ भने मन्त्री आवास निर्माण कार्यको जगको concrete footing कार्य भईरहेको छ। प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि आवास तथा सम्पर्क कार्यालय निर्माण कार्यको जगमा  concrete footing  डन्डीको कार्य भईरहेको छ ।प्रधानमन्त्री सरकारी आवास निर्माण कार्यको पुरानो भवन भत्काउने कार्य अन्तिम चरणमा रहेको छ भने Private block पहिलो तल्लाको कार्य भईरहेको छ ।
- काठमाण्डौको गोदावरीमा ३००० व्यक्ति क्षमताको सम्मेलन केन्द्र निर्माण कार्यको दोस्रो तल्लाको ढलान कार्य सम्पन्न भएको छ। ५००० व्यक्ति क्षमताको बहुउद्देश्यीय सम्मेलन केन्द्र निर्माण कार्यको Architectural Design सम्पन्न भएको Structural Design का साथै EIA भैरहेको छ । भरतपुर सभाहलको डिजाइन लागत अनुमान सम्पन्न भएको छ ।दमकमा भ्यू टावरको १५% निर्माण कार्य सम्पन्न भएको छ भने को Protection Piling सम्पन्न भई Basement को Earthwork को कार्य सम्पन्न भएको छ।बुटवल अन्तराष्ट्रिय सम्मेलन केन्द्रको निर्माण कार्य भइरहेको छ ।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- "सुरिक्षत नागरिक आवास कार्यविधि २०७५" नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५/९/९ मा स्वीकृत भएको |
- “जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि २०७५"   नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५/९/९ मा स्वीकृत  भएको |

- १७ वटा जिल्लामा २१ वटा एकीकृत वस्ती तथा पूर्वाधार निर्माणको अध्ययन कार्य सम्पन्न
- सघन सहरी विकास कार्यक्रम अन्तर्गत तराई मधेशका सदरमुकामका २१ नपाहरुमा कालोपत्रे सडक ३५० कि.मि., नाला २९१ कि.मि., बसपार्क ८ वटा, हाटबजार ५ वटा र मनोरञ्जन पार्क ४ वटा निमाण भएको ।
- १० स्थानलाई (धनकुटा, मिर्चौया, चन्द्रपुर, काभ्रे उपत्यका, भरतपुर, वालिङ्ग, तुलसीपुर, दुल्लु, अमरगढी, र टिकापुर) स्मार्ट सिटिका रुपमा विकास गर्न र ३ वटा Urban Economic Corridor (धरान-इटहरी-विराटनगर, वीरगञ्ज-सिमरा-पथलैया) शहरी आर्थिक र बुटवल- भैरहवा- लुम्विनी- कपिल्वस्तु) को संभाव्ता अध्ययन शुरु गरिएको |
- तराई मधेश र हुलाकी लोकमार्गमा अवस्थित १५ नयाँ शहरहरुको ड्राफ्ट फाइनल रिपोर्टहरु प्राप्त भएको।
- नयां सहरहरुमा एकिकृत जग्गा विकास कार्यक्रम संचालन गर्न ५ वटा ल्याण्डपुलिङ्ग योजनाको व्लक प्लान स्वीकृत भएको ।
- शहरी तथा वातावरणीय सुधार आयोजना अन्तर्गत विराटनगर र वीरगंजमा ७.७ कि.मि. सडक सुधार र नाला निर्माण, ४.४५ कि.मि. ढल निर्माण र फोहरमैला प्रशोधन केन्द्र निर्माण कार्यको २४ % निर्माण कार्य सम्पन्न भएको ।
- एकीकृत शहरी विकास आयोजना अन्तर्गत धरानमा १० कि.मि. खानेपानी पाइप लाइन, जनकपुरमा सतह ड्रेन १०. ५३ कि.मि. र ढल १०.५२ कि.मि. सम्पन्न भएको ।
- क्षेत्रीय शहरी विकास कार्यक्रमअन्तर्गत नेपालगंजमा ११.९२ कि.मि. नाला निर्माण, १६.८४ कि.मि. सडक सुधार, विराटनगरमा ९.८१ कि.मि. ढल निर्माण, १२.८५ कि.मि. सडक निर्माण र सिद्धार्थनगरमा १५ कि.मि. सडक निर्माण र १९.२ कि.मि. नाला निर्माण कार्य सम्पन्न भएको ।
- संघिय संसद भवनको Tender आवाहन भएको |
- भवन निर्माण संहिता, सरकारी भवन कार्यालय अन्तर्गत १५ वटा सभाहलहरु निर्माणाधीन अवस्थामा रहेको ।
- बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय स्तरको सम्मेलन केन्द्रको प्रथम चरणको Structure को कार्य सम्पन्न भएको ।
- काठमाण्डौ उपत्यका विकास प्राधिकरणको भवन सम्पन्न। निर्देशित जग्गा विकास कार्यक्रम अन्तर्गत ५.३ कि मि बाटो खोल्ने, पर्खाल सार्ने र लगाउने तथा ग्राभेल गर्ने अन्तर्गत सम्पन्न।
- विपद व्यवस्थापन तथा वातावरण सरक्षणको लागि १४ वटा सहरी क्षेत्रमा सावजनिक जग्गामा पार्क निर्माण गर्ने कार्य गरिएको ।
- बागमती सुधार आयोजना अन्तर्गत ८ कि.मि. नदी तटबन्ध तथा ढल निर्माण कार्य सम्पन्न भएको।

## ९. आर्थिक वर्ष २०७५/७६ मा विनियोजित बजेट एवं खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| सि.नं. | ब.नं.शि.उ. | आयोजनाकार्यक्रमको नाम/ | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३४७०११ | शहरी विकास मन्त्रलाय | ६१६०९ | ५७२८१ | ९२.९८% |
| २ | ३४७०१९ | शहरी विकास तथा भवन निर्माण विभाग | ९१८०० | ८१४४६ | ८८.७२% |
| ३ | ३४७०२१ | विशेष भवन निर्माण सम्भार डिभिजन | १४३००० | १३१३३३ | ९१.८४% |
| ४ | ३४७१८० | आवास व्यवस्था कार्यक्रम | २ | ० | ०% |
| ५ | ३४७१८२ | एकिकृत कार्यमुलक योजना | ५०० | ० | ०% |
| ६ | ३४७१८६ | सघन शहरी विकास आयोजना | ६२१४० | ३७४९८ | ६०.३४% |
| ७ | ३४७१८७ | मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना | १४७११७२ | १३७४३२९ | ९३.४२% |
| ८ | ३४७१९० | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ४७४०० | २९६१५ | ६२.४८% |
| ९ | ३४७१९७ | गणतन्त्र स्तम्भ तथा गणतन्त्र स्मारक | २०० | १९७ | ९८.५०% |
| १० | ३४७३०९ | नेपाल भारत सिमा एकिकृत जाचं चौकी विकास आयोजना | १७०० | १३२८ | ७८.१२% |
| ११ | ३४७३१६ | शहरी साशकीय क्षमता तथा विकास कार्यक्रम | १२००० | ८५३७ | ७१.१४% |
| १२ | ३४७३२० | एकिकृत शहरी विकास आयोजना )ञ्लघ्म) | ११३६०३९ | ८९००५९ | ७८.३५% |
| १३ | ३४७३५८ | नयां शहर आयोजना | ८०८०५ | ४०९८९ | ५०.७३% |
| ४ | ३४७३६१ | क्षेत्रिय सहरी विकास कार्यक्रम | ३८७७५०५ | ३६७३०३७ | ९४.७३% |
| १५ | ३४७३६२ | संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ६५००० | ७४८०८ | ११५.०९% |
| १६ | ३४७३६३ | सहरी पूर्वाधार लगानी आयोजना | २४६०० | ४५६० | १८.५४% |
| १७ | ३४७३५७ | बाग्मती सुधार आयोजना | १३२८०० | ९७०५३ | ७३.०८% |
| १८ | ३४७३०८ | धोविखोला कोरिडोर सुधार आयोजना | ४२०० | ३८०६ | ९०.६२% |
| १९ | ३४७०२२ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ७२१०० | ५१०६० | ७०.८२% |
| २० | ३४७१८५ | नगर विकास कार्यक्रम )KfW) एवं चक्रिय कोष आयोजना | ५५२३०० | २८८९९२ | ५२.३३% |
| २१ | ३४७३६० | गरिबी लक्षित शहरी पुनर्उत्थान कार्यक्रम | ६२००० | ११३९६ | १८.३८% |
| **जम्मा** | | | ७८९८८७२ | ६८५७३२४ | ८६% |

**पूँजीगत खर्च तर्फ**

**(रू. हजारमा)**

| सि.नं. | ब.नं.शि.उ. | आयोजनाकार्यक्रमको नाम/ | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३४७०११ | शहरी विकास मन्त्रलाय | ५१५० | १९३९ | ३७.६५% |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ३४७०२१ | विशेष भवन निर्माण सम्भार डिभिजन | ५८१३०७ | ४७५१६९ | ८१.७४% |
| ३ | ३४७१८० | आवास व्यवस्था कार्यक्रम | १५३९८५ | ८९५०२ | ५८.१२% |
| ४ | ३४७१८२ | एकिकृत कार्यमुलक योजना | ३०२६०० | २८८७६४ | ९५.४३% |
| ५ | ३४७१८६ | सघन शहरी विकास आयोजना | ११८४५००० | ११०२८६४३ | ९३.११% |
| ६ | ३४७१८७ | मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना | १२१५०० | ७३४९ | ६.०५% |
| ७ | ३४७१९० | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २१३३६९३ | १९३४८७१ | ९०.६८% |
| ८ | ३४७१९७ | गणतन्त्र स्तम्भ तथा गणतन्त्र स्मारक | ३०३०० | २९७०० | ९८.०२% |
| ९ | ३४७३०९ | नेपाल भारत सिमा एकिकृत जाचं चौकी विकास आयोजना | २४६८० | १२५७० | ५०.९३% |
| १० | ३४७३१६ | शहरी साशकीय क्षमता तथा विकास कार्यक्रम | १८०००० | १८००८ | १०.००% |
| ११ | ३४७३२० | एकिकृत शहरी विकास आयोजना )ञ्लघम) | १६९०० | १४४४६ | ८५.४८% |
| १२ | ३४७३५८ | नयां शहर आयोजना | १३९५८३६ | ११३५८०१ | ८१.३७% |
| १३ | ३४७३६१ | क्षेत्रिय सहरी विकास कार्यक्रम | ४८८०२० | ६७३८० | १३.८१% |
| १४ | ३४७३६२ | संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ५००० | ४६३० | ९२.६०% |
| १५ | ३४७३६३ | सहरी पूर्वाधार लगानी आयोजना | ८७५०० | ४६०९२ | ५२.६८% |
| १६ | ३४७३५७ | बाग्मती सुधार आयोजना | २९९३१०२ | २२४५३७० | ७५.०२% |
| १७ | ३४७३०८ | धोविखोला कोरिडोर सुधार आयोजना | ३६२५०० | २८६३५९ | ७९.००% |
| १८ | ३४७०२२ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १८३६२२९ | १४०३६७८ | ७६.४४% |
| १९ | ३४७३६० | गरिबी लक्षित शहरी पुनर्उत्थान कार्यक्रम | ३९९०० | १०२७४ | २५.७५% |
| जम्मा | | | २२६०३२०२ | १९१००५४५ | ८४.५०% |
| कूल जम्मा | | | ३०५०२०७४ | २५९५७८६९ | ८५.१०% |

**१०. आ.व. २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः**

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११ | शहरी विकास मन्त्रालय | १३४१०० | ४६७९५ | ३४.९०% |
| ३४७००१०१ | बागमती सुधार आयोजना | १३७५०० | ६४८९१ | ४७.१९% |
| ३४७०१०११ | शहरी विकास तथा भवन निर्माण बिभाग | ९१३०० | ५९२१३ | ६४.८६% |
| ३४७०१०१२ | संघीय सचिवालय निर्माण तथा ब्यवस्थापन कार्यालय | १७५४०० | ७८६६६ | ४४.८५% |

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०१०१३ | संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ९६४०० | ६२६३७ | ६४.९८% |
| ३४७०११०१ | आवास व्यवस्था कार्यक्रम | ५९८७०० | ८१३७७ | १३.५९% |
| ३४७०११०२ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ५०० | | ०.००% |
| ३४७०११०३ | सघन शहरी विकास कार्यक्रम | ७२७०० | २९६०२ | ४०.७२% |
| ३४७०११०४ | शहरी तथा वातावरणीय सुधार आयोजना | ५६२५०० | ४२८७१० | ७६.२२% |
| ३४७०११०५ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ८३९०० | १५९१३ | १८.९७% |
| ३४७०११०६ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | २०० | | ०.००% |
| ३४७०११०७ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ३३०० | ७९७ | २४.१५% |
| ३४७०११०८ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ५८९९५ | ४९६७ | ८.४२% |
| ३४७०११०९ | एकीकृत शहरी विकास आयोजना | ५४५९०४ | ४२५९२७ | ७८.०२% |
| ३४७०१११० | नयाँ सहर आयोजना | १२४१०० | ३८५०४ | ३१.०३% |
| ३४७०११११ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ४७७३८९६ | २८०५७८४ | ५८.७७% |
| ३४७०१११४ | एकिकृत बस्ती विकास कार्यक्रम | ० | | |
| ३४७०१११७ | विशेष भवन निर्माण आयोजना | १०१०० | १३६५ | १३.५१% |
| ३४७५११०१ | नगर विकास कोष | ४६०००० | २०००१६ | ४३.४८% |
| ३४७७११०१ | काठमाण्डौ उपत्यका विकास प्राधिकरण | ८४००० | ५४९०३ | ६५.३६% |
| ३४७७११०२ | धोविखोला कोरिडोर सुधार आयोजना | ५२०० | २८७४ | ५५.२७% |
| | जम्मा | **८०१८६९५** | **४४०२९४१** | **५४.९१%** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११ | शहरी विकास मन्त्रालय | ८९०० | ३९५६ | ४४.४५% |
| ३४७००१०१ | बागमती सुधार आयोजना | ४७५७२०० | २३३५०६५ | ४९.०८% |
| ३४७०१०११ | शहरी विकास तथा भवन निर्माण बिभाग | ० | | |
| ३४७०१०१२ | संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | ३४६४१४ | ८८५३८ | २५.५६% |
| ३४७०१०१३ | संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | २९००० | ८०७६ | २७.८५% |
| ३४७०११०१ | आवास व्यवस्था कार्यक्रम | १३६००० | १८०९० | १३.३०% |
| ३४७०११०२ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ४०७९०० | १५९७२६ | ३९.१६% |
| ३४७०११०३ | सघन शहरी विकास कार्यक्रम | ९१३२६०० | ४९०७३६३ | ५३.७३% |
| ३४७०११०४ | शहरी तथा वातावरणीय सुधार आयोजना | ० | | |
| ३४७०११०५ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | १९३८८०० | १३५७९०९ | ७०.०४% |

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११०६ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | १९८०० | ८२३ | ४.१६% |
| ३४७०११०७ | नेपाल-भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ८६९०० | १०३२५ | ११.८८% |
| ३४७०११०८ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ११२८०० | | ०.००% |
| ३४७०११०९ | एकीकृत शहरी विकास आयोजना | ७५०० | ७२६६ | ९६.८८% |
| ३४७०१११० | नयाँ सहर आयोजना | १८५५६०० | ७६३६१२ | ४१.१५% |
| ३४७०११११ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २८६३००० | ९०३३० | ३.१६% |
| ३४७०१११४ | एकिकृत बस्ती विकास कार्यक्रम | ५००००० | २२८०८ | ४.५६% |
| ३४७०१११७ | विशेष भवन निर्माण आयोजना | ५०१७९०० | १५८५६४७ | ३१.६०% |
| ३४७५११०१ | नगर विकास कोष | ० | | |
| ३४७७११०१ | काठमाण्डौ उपत्यका विकास प्राधिकरण | १३०२१५० | ६७६६३९ | ५१.९६% |
| ३४७७११०२ | धोविखोला कोरिडोर सुधार आयोजना | ३१५३०० | १०८८१८ | ३४.५१% |
| | जम्मा | २८,८३७,७६४ | १२१४४९९१ | ४२.११% |

◆ ◆ ◆